नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

# पर्यटन विभाग

www.tourismdepartment.gov.np
Email:info@tourismdepartment.gov
फ्याक्स न.:- ४२२७२८१
फोन न.:- ४२५६२२८,४२५६२३२,४२५६२३१
महानिर्देशक :- ४२४७०३७
पर्यटक प्रहरी : ४२४७०४१
भृकुटीमण्डप, काठमाडौं ।

## प्रेस विज्ञप्ति

सोलुखुम्बु जिल्ला, सोलुदुधकुण्ड नगरपालिका, वडा नं.- ७ स्थायी ठेगाना भएका पूर्ण बहादुर कामीका छोरा ३५ वर्षीय विजय घिमिरेले मिति २०७४ जेठ ८ गते दलित समुदायको तर्फबाट प्रथम आरोहीको कीर्तिमान सहित हालसम्म ३ पटक विश्वको सर्वोच्च शिखर सगरमाथाको सफल आरोहण गरी सम्पूर्ण दलित समुदाय र राष्ट्रकै गरिमा वृद्धि गर्न पुऱ्याउनु भएको योगदानको विभाग उच्च कदर गर्दछ।

मिति २०८३ बैशाख २७ गते बिहान सगरमाथाको खुम्बु आइसफल क्षेत्रमा पर्वतीय पथ प्रदर्शक (Mountain Guide) को जिम्मेवारी निर्वाह गर्ने क्रममा उहाँको असामयिक निधन भएको खबरले विभाग तथा समग्र पर्वतीय पर्यटन क्षेत्र स्तब्ध भएको छ। उहाँको निधनले नेपालको पर्वतीय पर्यटन क्षेत्रमा अपूरणीय क्षति भएको छ। उहाँले राष्ट्रका लागि पुऱ्याउनु भएको योगदानप्रति उच्च सम्मान व्यक्त गर्दै विभाग उहाँप्रति हार्दिक श्रद्धाञ्जली एवं शोकाकुल परिवारजन तथा शुभेच्छुकप्रति भावपूर्ण समवेदना व्यक्त गर्दछ।

मिति: २०८३/०१/२८
ने.सं. ११४६ बछलागा ९

हिमाल गौतम
निर्देशक/ सूचना अधिकारी